'गाउँ गाउँमा सुचना र सञ्चारको लागी हाम्रो अभियान'
www.namastekarnali.com
नमस्ते कर्णाली
Namaste Karnali National Daily
राष्ट्रिय दैनिक
वर्ष १ अंक : १०७ शुक्रवार २८ मंसिर, २०८१ 13 (Friday) December 2024 पृष्ठ ४, मूल्य रु : १०।-

# प्रदेश सरकारकै कार्यक्रम "सिपसँगै प्रविधि हस्तान्तरण" प्रभावकारी बनेन

नमस्ते समचारदाता

सुर्खेत, मंसिर/२७

कर्णाली प्रदेश सरकारको लक्षित वर्ग विशेष कार्यक्रम प्रभावकारी हुन सकेको छैन । नागरिकलाई सिप सिकाएर उद्यम विकास प्रवर्द्धन गर्ने उद्देश्यले आर्थिक वर्ष २०७९/८० देखि उद्यम विकास प्रवर्द्धन कार्यक्रम सुरु गरिएको थियो। प्रदेशका १० वटै जिल्लामा कार्यक्रम कार्यान्वयन भइरहे पनि प्रभावकारी हुन सकेको छैन । सिपसँगै प्रविधि हस्तान्तरण गरेर नागरिकलाई उद्यमी बनाउने उद्देश्यले कार्यक्रम सुरु गरिएको प्रदेश सरकारले जनाएको छ । प्रदेश सरकारको ७० प्रतिशत र व्यक्तिको ३० प्रतिशत लगानी रहने गरी सिपसँगै प्रविधि हस्तान्तरण गर्ने लक्ष्य सरकारको थियोरु। उक्त कार्यक्रमका लागि आव २०७९/८० मा करिब १ करोड बजेट विनियोजन गरिएको थियो । सोही आवदेखि १० वटै जिल्लामा कार्यक्रम सुरु भएको थियो । यो कार्यक्रमको निरन्तरताका लागि आव २०८०/८१ मा ३ करोड ९५ लाख बजेट विनियोजन गरिएको थियो । सो आवमा १४.८३ प्रतिशत मात्र बजेट कार्यान्वयन भयोरु। चालु आव २०८१/८२ मा




सरकारले १ करोड ३५ लाख बजेट विनियोजन गरेको छ । यो चालु आवदेखि नाम परिवर्तन गरेर कार्यक्रम कार्यान्वयन गरिने प्रदेश सरकारले जनाएको छ । उद्यम विकास प्रवर्द्धन कार्यक्रमको नाम परिवर्तन गरेर 'सिपसँग सहयोग कार्यक्रम' नामकरण गरिएको छ । यो वर्ष प्रदेशका ९ वटा जिल्लामा मात्र कार्यक्रम कार्यान्वयन हुने छ । सुर्खेत जिल्लामा यो वर्ष बजेट कटौती भएको उद्योग, वन तथा वातावरण मन्त्रालयले जनाएको छ । चालु आवदेखि सिपसँग सहयोग कार्यक्रमका रूपमा सञ्चालन गर्न लागिएको मन्त्रालयका सूचना अधिकारी नीरज श्रेष्ठले बताए । उनका अनुसार चालु आवमा ९ जिल्लामा कार्यक्रम कार्यान्वयन हुने छ । कार्यक्रम कार्यान्वयनका लागि १ करोड ३५ लाख बजेट विनियोजन गरिएको छ । प्रदेश सरकारले चालु आवको नीति तथा कार्यक्रम र बजेटमा समेटेर कार्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन गर्ने जनाएको छ । उद्यमशीलता विकास, रोजगार मूलक तालिम र प्रविधि हस्तान्तरण मार्फत उद्यमीलाई उत्प्रेरित गरिने प्रदेश सरकारले जनाएको छ । चालु आवदेखि प्रभावकारी रूपमा कार्यक्रम कार्यान्वयनमा लैजाने योजना सरकारले अघि सारेको छ । दुई वर्षदेखि कार्यान्वयनमा आएको उद्यम विकास प्रवर्द्धन कार्यक्रम सुर्खेतमा कटौती भएको छ । सुरुका दुई आवमा भने सुर्खेतमा कार्यक्रम कार्यान्वयन भएको थियो । आव २०७९/८० बाट कार्यक्रम सुरु गरिएको थियो । सुर्खेतमा उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालयले कार्यक्रम कार्यान्वयन गरेको थियो। उक्त वर्ष कार्यक्रम कार्यान्वयनका लागि ५० लाख बजेट विनियोजन गरिएको निर्देशनालयका निर्देशक पदमलाल लामिछानेले बताए । यसै गरी आव २०८०/८१ मा बजेट घटाएर १५ लाख मात्र विनियोजन गरिएको थियो।

बाँकी ३ पेजमा...

# रैथाने बाली उत्पादनको पकेट क्षेत्र बन्दै गाभर

नमस्ते समचारदाता

बाँके, मंसिर/२७



बाँकेको गाभर भ्याली पछिल्लो समयमा आएर रैथाने बाली उत्पादनको महत्वपूर्ण पकेट क्षेत्र बन्दै गएको छ । स्थानीय र प्रदेश सरकारले रैथाने प्रजातिका अन्नबालीहरूको संरक्षणमा जोड दिँदै नीति तथा कार्यक्रम ल्याएपछि यो क्षेत्रमा रैथाने उत्पादनमा विशेष ध्यान दिइएको हो । लुम्बिनी प्रदेश सरकारको नीति तथा कार्यक्रम र बजेटमै रैथाने प्रजातिका अन्नबाली संरक्षण कार्यक्रम समावेश गरेकोले बाँके जिल्लाको गाभर भ्यालीमा रैथाने धान उत्पादन सुरु गरिएको छ । यो क्षेत्रमा पाइने घैया, गर्भे र अनदी धानहरू लोप हुने अवस्थामा पुगेपछि बैजनाथ गाउँपालिका-१ गाभर भ्यालीमा अहिले लोपोन्मुख धानका प्रजातिहरूलाई संरक्षण गर्ने अभियान सुरु भएको गाभर भ्याली सामुदायिक होमस्टे व्यवस्थापन समितिका अध्यक्ष कृष्ण चौधरीले बताए। चौधरीले आफू स्वयंले पनि चार कामा घैया धान, १० कामा अनदी धान र १ कामा गर्भे धानको बिउ उत्पादन गरिरहेको बताउँछन् । गाभर क्षेत्रमा एक बिघाभन्दा बढी क्षेत्रफलमा अहिले यी रैथाने धान लगाइएको छ । यी धानहरू संरक्षण गरे यस क्षेत्रको ऐतिहासिक र सांस्कृतिक महत्व झल्काउन खोजिएको अध्यक्ष चौधरीको भनाइ छ । गाभर भ्यालीमा आउने पर्यटकहरू रैथाने उत्पादन अवलोकन गर्न पनि आउने गरेको चौधरी बताउँछन् । चौधरीका अनुसार गाभर भ्यालीले रैथाने बालीहरूको संरक्षणमा महत्वपूर्ण भूमिका खेलिरहेको छ । रैथाने जातका धानहरूमा मल र पानीको आवश्यकता न्यून हुने भएकाले यी बालीहरू संरक्षण गर्न तुलनात्मक रूपमा सजिलो छ । हाइब्रिड धानहरूमा जस्तै धेरै मल र सिँचाइको आवश्यकता नभए पनि रैथाने प्रजातिका धान स्वस्थ र उत्पादनशील हुने गर्छन् । विशेष गरी तिल्की, अनदी र घैया जस्ता धानमा रासायनिक मलको प्रयोग गर्दा बढी गँजाएर नफल्ने समस्या देखापरेको छ । गाभर क्षेत्रमा १ बिघाभन्दा बढी क्षेत्रफलमा यस्ता धानको खेती भइरहेको छ । जसमा घैया र तिल्की धान बिउ उत्पादनको लागि लगाइएको छ। भविष्यमा यी रैथाने धानहरूको व्यावसायिक उत्पादन गर्ने योजना रहेको चौधरीले बताउछन् । तिल्की धानको चामल विशेषतः पर्वहरूमा र अतिथि सत्कारका लागि प्रयोग हुने गरेको छ भने अनदी चामल थारु समुदायमा निकै लोकप्रिय छ । घैया धानको चामल स्वास्थ्यका दृष्टिले महत्वपूर्ण मानिन्छ र यसलाई विभिन्न स्वास्थ्यसम्बन्धी समस्याहरूको समाधानको रूपमा पनि हेरिन्छ । गाभर भ्यालीमा उत्पादित यी धानहरूलाई संरक्षण गर्ने मात्र नभई व्यावसायिक उत्पादन र बजारीकरणमा पनि ध्यान दिइएको जनाइएको छ ।

# किबी खेतीबाट वार्षिक १० लाख सम्म आम्दानी

नमस्ते समचारदाता

डडेल्धुरा, मंसिर/२७

डडेल्धुरा जिल्लाको आलिताल गाउँपालिका-२ लामिटुडाका ४१ वर्षीय लक्ष्मण थापा मगरले व्यावसायिक रूपमा किबी खेती गरी वार्षिक रु १० लाख भन्दा बढी आम्दानी गर्दै आएका छन् । वि.सं. २०७० देखि व्यावसायिक किबी खेती गर्न थालेका मगरको अहिहलेको दैनिकी किवीको हेरचाह, गोडमेल, बजार व्यवस्थापन लगायतका काम गर्नमै दिन बित्दै आएको छ । उनको बगानमा लटरम्म पाक्न लागेका अन्दाजी ६० क्विन्टल जति किबी फलेको छ। शिक्षण पेसालाई छाडेर आधिकारिक रूपमा 'ध्रुव कृषि फार्म' दर्ता गरी व्यावसायिक किबी खेती थालेका मगरले अहिले १५ रोपनीभन्दा बढी क्षेत्रफलमा खेती गरिरहेको बताउछन् । किबी खेतीमा सम्भावना देखेर यो पेसा अपनाएको बताउँदै उनले सुरुमा



दोलखाबाट एक सय १० बोट ल्याएर खेती गरेको जानकारी दिए । मगरले उत्पादित कैलाली, डडेल्धुरा, बैतडी, काठमाडौँ लगायत सुदूरपश्चिमका सातवटै पहाडी जिल्लामा बिक्री हुँदै आएको बताए। मगरले भने, 'यस वर्ष उत्पादन भएका किबी बगानबाट टिप्नु अगाडि ग्राहकको माग धान्न गाह्रो भएको छ।' किबी खेतीसम्बन्धी विभिन्न ठाउँमा पुगेर विज्ञहरूबाट तालिम समेत लिएको भन्दै मगरले बिबिसी नेपाली सेवामा प्रसारण हुने 'साझा सवाल' कार्यक्रममा किबी खेतीबारे छलफल सुनेपछि सुरु गरेको जानकारी दिए । विसं २०७३ मा पहिलो पटक तीन क्विन्टल उत्पादन गरेको बताउँदै मगरले अहिले वार्षिक ७० देखि ७५ क्विन्टलसम्म उत्पादन हुने गरेको उल्लेख गरे । सुरुका वर्ष प्रतिकिलो रु पाँच सयका दरले बिक्री गरेको जनाउँदै मगरले पछिल्लो समय बिक्री मूल्य घटे पनि उत्पादन बढी हुन थालेकाले आम्दानीमा वृद्धि भएको बताए । मगरले थपे, 'किबी खेतीलाई अन्यबाली जस्तो दैनिक हेरचाह गरिरहनुपर्दैन । बगानभित्र आलु, सागसब्जी लगायत नगदेबालीको खेती पनि गर्न सकिन्छ । कम मेहनतमा बढी आम्दानी दिने हुँदा यस वर्ष थप विस्तार गर्ने तयारी गरिरहेको छु ।'

बाँकी ३ पेजमा...

नमस्ते कर्णाली विज्ञापन एजेन्सी
www.namastekarnali.com
नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि. द्वारा संचालित नमस्ते कर्णाली राष्ट्रिय दैनिक, नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक, namastekarnali.com मा विज्ञापन, सुचना, बोलपत्र आवह्वान सम्बन्धी सुचना, कर्मचारी भर्ना सम्बन्धी सुचना, जनहितमा जारी सुचना आदी प्रकाशन गर्नु परेमा हामीलाई
सम्झनुहोला।
नमस्ते कर्णाली राष्ट्रिय दैनिक | नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक | नमस्ते कर्णाली डटकम
नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि.
सम्पर्क : कोहलपुर-११, बाँके
ब्युरो कार्यालय : सुर्खेत शाखा कार्यालय हुम्ला, मुगु, बाजुरा, कालिकोट, जुम्ला, सल्यान, जाजरकोट
कोहलपुर : ९८४७२४६९०३ हुम्ला : ९८६८३९६३३२ मुगु : ९८६८३७०८०५ बाजुरा : ९८६५६६८०९९
कालिकोट : ९८६५६६८०९९
FOLLOW US
: namastekarnali2068@gmail.com
: namastekarnali.com

**सत्यवाणी :**

भौतिक तथा व्यवसायीक सुरक्षाका लागि पत्रकार एकता नयाँ संविधानमा पूर्ण प्रेस स्वतन्त्रता । - नेपाल पत्रकार महासंघ

# सम्पादकीय

## अर्थतन्त्र कमजोर बनाउने सरकारी नीति नै हुन

**नेपालको आर्थिक, सामाजिक र भौतिक विकासको अवस्था पछौटे भए तापनि गाउँहरु उत्पादक मात्र थिएनन् नयाँ नयाँ सम्भावनाका केन्द्रका रुपमा विकास हुँदै थिए । विदेशको सहयोगमा भए पनि नेपाल आधारभूत औद्योगिकरणको दिशामा अगाडि बढ्दै थियो। गैंडाकोटको भृकुटी कागज कारखानासँगै चुरे पहाडको खर जोडिन्थ्यो । खर काट्नु र बेच्नु किसान मजदुरको हिउँदे रोजगारी थियो । गाई, गोरुको छाला खेर जाँदैनथ्यो। जसको सम्बन्ध छाला जुत्ता कारखानासित थियो। तराईको कपास धागो र कपडा कारखानासित जोडिन्थ्यो । सनपाट खेतीको सम्बन्ध विराटनगरको जुट मिलसँग थियो । पहाडका जमिन बाँझा थिएनन् । माघ, फागुनको चिउरीको घिउले बजार पिट्थ्यो। पूँजी तथा प्रविधिका हिसाबले त्यसबेलाको ग्रामीण अर्थतन्त्रले व्यावसायिक रुप नलिए तापनि परम्परागत सीप प्रविधिलाई फुर्सदमा उपयोग गर्ने श्रम संस्कार थियो । त्यतिबेला ग्रामीण परनिर्भरता मूलतः नुन र कपडामा सीमित थियो। विज्ञान र प्रविधिका यति धेरै विकास भएको थिएन। खर्च कम थियो। आज गाउँमा श्रम र उत्पादन छैन। शहरले रोजगारी सिर्जना गर्न सकेको छैन । शहर विदेशमा उत्पादन भएका सामानहरुको आपूर्ति गर्ने केन्द्रका रुपमा मात्र रहेका छन्। किसानहरुले उत्पादन गरिहाले भने त्यसको बजार छैन। नेपाल कृषि, जडिबुटी, उर्जा र पर्यटनको क्षेत्रमा असीम सम्भावना बोकेको मुलुक हो । तर सरकारले राष्ट्रका अगाडि उपस्थित यो समस्यालाई सम्बोधन गर्ने नीति तथा कार्यक्रम ल्याएको देखिँदैन। राष्ट्रिय समस्याप्रति गैरजिम्मेवार फोहोरी राजनीतिले देशलाई परनिर्भरतामा मात्र धकेलेको छैन वैदेशिक ऋणमा समेत डुबाएको छ । नीति निर्माणको तहमा शिथिल बन्दै गएको अर्थतन्त्रलाई चलायमान बनाउने तथा उत्पादन र रोजगारी सिर्जना गर्नेतर्फ ध्यान छैन । वैदेशिक रोजगारीलाई प्रोत्साहन गर्ने शिक्षा नीति लागु गरिएको छ । जसले नेपालका युवालाई गाउँको उत्पादन कर्मबाट पलायन बनाइरहेको छ।**

## जनहितमा जारी सन्देश

- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
- छाडा चौपायाहरूलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरू समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरूद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरूमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरूमा सबै पालिकावासीले सहयोग गरौं ।

अदानचुली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
श्रीनगर, हुम्ला

# स्थानीय विकासमा पुँजीगत खर्च

**केबी बस्नेत**


केबी बस्नेत

> **विकास निरन्तर प्रक्रिया हो । त्यसैले स्थानीय विकासका लागि आगामी आर्थिक वर्षमा रोजगारी तथा आयमूलक कार्यक्रम( लाई विशेष प्राथमिकता दिन आवश्यक छ । यसका लागि स्थानीय आर्थिक विकासका रणनीतिक योजना आबद्ध गरी यथाशीघ्र सञ्चालन गर्न जरुरी छ । स्थानीय विकासका लागि एकातिर आन्तरिक उत्पादन बढाउन अति आवश्यक छ भने अर्कोतिर सेवा प्रवाह अभिवृद्धि गर्न पनि जरुरी छ ।**

कुनै पनि देशको सर्वतोमुखी विकासका लागि स्थानीय विकासको अपरिहार्य आवश्यकता छ। जसका लागि स्थानीय तहको भूमिका महत्वपूर्ण छ । वस्तुतः स्थानीय तहका महत्वपूर्ण पूर्वाधार अन्तर्गत नगरपालिकाहरूमा सडक, आवास, ढल, खानेपानी तथा सरसफाइ, फोहोरमैला व्यवस्थापन पर्यटकीय पूर्वाधार, कृषि पूर्वाधार, पार्क, बिजुली, टेलिफोन, इन्टरनेट, विशेष आर्थिक क्षेत्र (सेज) आदि हुन् । यसै गरी गाउँपालिकाका स्थानीय पूर्वाधारमा सडक, कृषि सडक, गाउँपालिका जोड्ने सडक, आन्तरिक सडक सञ्जाल, साना जलविद्युत्, टेलिफोन, इन्टरनेट, कृषि बजार, आदि हुन्। एकातर्फ उक्त पूर्वाधार निर्माण तीव्र गतिमा सम्पन्न गर्न आवश्यक छ भने अर्कोतर्फ यिनीहरूको नियमित सञ्चालनका लागि मर्मतसम्भार गर्न पनि उत्तिकै जरुरी छ। नेपाल सङ्घीय शासन प्रणालीको अभ्यासमा अग्रसर भएपछि स्थानीय पूर्वाधारको महत्व, यिनीहरूमा गरिने लगानी तथा आयोजना सञ्चालन र व्यवस्थापनमा स्थानीय तहको भूमिका बढेको छ । स्थानीय तहको प्रमुख कार्यसूची भनेकै विकास हो । पन्ध्रौँ योजना तथा दिगो विकास लक्ष्य-२०३० लाई हासिल गर्ने ठूलो चुनौतीसहित नेपाल अगाडि बढिरहेको छ। परन्तु, उक्त लक्ष्य स्थानीय तहमा प्राप्त नगरी यहाँको दिगो विकासको लक्ष्य हासिल गर्न सम्भव देखिँदैन। नेपालमा हाल झन्डै ६० प्रतिशत सहरीकरण भएको सन्दर्भमा यहाँका स्थानीय गाउँबस्ती पातालिँदै गएका छन् । जसको फलस्वरूप त्यहाँको उत्पादकत्व र सामाजिक तथा आर्थिक विकास अपेक्षाकृत हुन सकेको छैन । यहाँका गाउँबस्ती छरिएर रहेका मात्र छैनन्। प्रत्येक वर्ष तीव्र रूपले बढिरहेको बसाइँसराइले पातलिएर उजाड हुने क्रममा छन् । यी बस्तीलाई आबद्ध गर्ने पूर्वाधार विकास आयोजना मितव्ययी एवं उपलब्धिमूलक हुन सकेका छैनन्। यस्ता आयोजनाको विकासमा स्थानीय जनताका असमान पहुँच रहेकाले आगामी दिनमा दिगो विकासको लक्ष्य परिपूर्ति गर्न चुनौतीपूर्ण देखिन्छ । किनभने यहाँका स्थानीय तहका क्षमता सबल भएको छैन। विश्वव्यापी कोभिड-१९ को महामारीको कारण नेपाल सरकारले जनस्वास्थ्यको संवेदनशीलतालाई ध्यानमा राखी झन्डै चार महिनासम्म सम्पूर्ण देश नै बन्दाबन्दी गरेको थियो । जसको कारण यहाँको स्थानीय पूर्वाधार विकास कार्यक्रममा नकारात्मक प्रभाव परेको छ। निःसन्देह केही स्थानीय तहले उक्त महामारीमा पनि केही पूर्वाधार आयोजना ल्याउन सफल भए । किन्तु, धेरै जसो स्थानीय तहमा यस्ता आयोजनामा बढी पुँजीगत खर्च गर्नुपर्ने बाध्यकारी अवस्था सिर्जना भएको छ । स्थानीय विकसका लागि पुँजीगत खर्चले महत्वपूर्ण भूमिका खेल्छ । विगतमा यहाँ उक्त खर्च बढ्ने क्रममा रहेकोमा कोभिड-१९ को महामारीको कारण विभिन्न ठाउँमा राहत वितरण, क्वारेन्टाइन निर्माण तथा व्यवस्थापन, आइसोलेसन व्यवस्थापन, स्वास्थ्य सामाग्री तथा औषधी व्यवस्थापन, जनचेतना कार्यक्रम सञ्चालन आदिमा सबै स्थानीय तहको जनशक्ति परिचालन गरियो । जसबाट स्थानीय विकासमा अवरोध खडा भयो। विगतमा कोभिड-१९ को महामारी धनी तथा गरिब राष्ट्रमा एउटै गतिमा देखिए पनि यसलाई सामना गर्न सक्ने शक्ति भने फरक देखियो। किनभने विद्युतीय शासन प्रणालीमा बलियोसँग आबद्ध सम्पन्न राष्ट्र उक्त महामारीबाट कम प्रभावित थिए । उक्त महामारीले यहाँका सबै स्थानीय तहमा विद्युतीय सुशासन गर्नुपर्ने पाठ सिकाएको छ। यसका लागि सम्बन्धित पक्षको ध्यान आकृष्ट हुनु परेको छ । हाल स्थानीय विकासका लागि निकै कम बजेट प्राप्त भएको छ। जसले गर्दा यहाँका पुनःरुत्थानमा खासै योगदान पुग्न सक्दैन । विगतमा भएको लामो बन्दाबन्दीले यहाँको साना तथा मझौला उद्योग नराम्ररी प्रभावित भएकाले आगामी दिनमा नयाँ व्यापारिक योजनासहित अगाडि बढ्न सक्ने उद्यमीलाई थप प्राविधिक तथा आर्थिक सहयोगको आवश्यकता छ । जसका लागि प्रदेश र सङ्घीय सरकारको सक्रिय सहयोगको आवश्यकता छ । विगतमा केही निर्माण व्यवसायीले बन्दाबन्दी अवधि अगाडि भण्डारण गरेको निर्माण सामाग्री प्रयोग गरी केही स्थानीय तहको पहलमा निर्माण सामग्रीको थप आपूर्तिका व्यवस्था गरी निर्माण कार्यलाई निरन्तरता दिएका थिए। तसर्थ, आगामी वर्षमा स्थानीय पूर्वाधारका आयोजनाका खरिद व्यवस्थापन, निर्माण सामाग्रीको आपूर्ति शृङ्खला व्यवस्थापनसँगै निर्माण अनुगमन आदिमा सूचना प्रविधिको प्रभावकरी सम्भावना देखिन्छ। यसका लागि सम्बन्धित पक्षको ध्यान आकृष्ट हुनु परेको छ । यहाँका स्थानीय तहले सहरी तथा ग्रामीण बस्तीको सघन एवं व्यवस्थित रूपमा विकास गर्न वैज्ञानिक तवरले प्रविधि र विकासका योजना कार्यान्वयन गर्न सके कुनै पनि किसिमका महामारी तथा प्रकोपबाट जनधनको क्षति न्यूनीकरण गर्न सकिन्छ। जसले स्थानीय जनतालाई कम प्रभावित पार्न पनि सघाउ पुग्ने छ। यसका लागि सबै स्थानीय तहमा विशिष्टीकृत क्षमता विकासका कार्यक्रम सञ्चालन गर्न आवश्यक छ। विकास निरन्तर प्रक्रिया हो । त्यसैले स्थानीय विकासका लागि आगामी आर्थिक वर्षमा रोजगारी तथा आयमूलक कार्यक्रमलाई विशेष प्राथमिकता दिन आवश्यक छ। यसका लागि स्थानीय आर्थिक विकासका रणनीतिक योजना आबद्ध गरी यथाशीघ्र सञ्चालन गर्न जरुरी छ। स्थानीय विकासका लागि एकातिर आन्तरिक उत्पादन बढाउन अति आवश्यक छ भने अर्कोतिर सेवा प्रवाह अभिवृद्धि गर्न पनि जरुरी छ। यसका लागि एकतर्फ आत्मनिर्भरता उन्मुख उत्पादनमा विशेष जोड दिन जरुरी छ भने अर्कोतर्फ निर्माण क्षेत्रमा कार्यरत कर्मचारी तथा मजदुरलाई स्थानीय आवश्यकता अनुरूप व्यावहारिक तालिम दिन पनि उत्तिकै जरुरी छ । यसको परिपूर्तिका लागि स्थानीय सरकार तथा सम्बन्धित पक्षको ध्यान जान आवश्यक छ। मितव्ययी एवं प्रभावकारी रूपमा स्वीकृत बस्ती विकासका आयोजना कार्यान्वयन गर्न सके मात्र सीमित स्थानीय स्रोतसाधनले अधिकतम जनसंख्या र खास गरी पिछडिएका क्षेत्र तथा वर्गका गुणस्तरीय स्थानीय पूर्वाधारमा पहुँच सुनिश्चित गर्न सकिन्छ । यति मात्र नभई हरेक आवमा गरिने सञ्चालन खर्च (सवारी साधन र इन्धनसमेतमा) धेरै प्रभाव पर्ने छ। स्थानीय विकासका लागि प्रत्येक स्थानीय तहको खर्च बढाउन नितान्त आवश्यक छ । किन्तु, केही वर्षयता धेरै जसो स्थानीय तहको खर्च गर्ने क्षमता घटेको छ। आव २०७६/७७ मा खर्च गर्न नसकिएको रकम गएको तीन वर्षयताकै उच्च छ । यद्यपि बन्दाबन्दी खुलेपछि बाँकी अवधिमा केही खर्च भए पनि आवश्यक मात्रामा खर्च गर्न सकिएन । जसको कारण एकातिर विकासका कार्य स्तरयुक्त हुन सकेनन् भने अर्कोतिर आवश्यक मात्रामा हुन सकेनन् । स्थानीय विकासका लागि पुँजीगत खर्च वृद्धि गर्न नितान्त आवश्यक छ तर आव २०७३/७४ मा ११, २०७४/७५ मा १४.९ र २०७५/७६ मा १५.८ प्रतिशत मात्र पुँजीगत खर्च भयो । आव २०७६/७७ को फागुनसम्म पुँजीगत खर्च २८.२ प्रतिशत पुग्यो । यो अघिल्लो आवको तुलनामा १२.३ प्रतिशत बढी छ । राष्ट्रिय योजना आयोगको सर्वेक्षण २०७७ अनुसार गत तीन आवमा प्रत्येक आठ महिनामा स्थानीय पुँजीगत खर्च १५ प्रतिशतभन्दा बढी हुन सकेन । जुन सन्तोषप्रद छैन । यथार्थतः पुँजीगत खर्च अपेक्षित रूपमा बढ्न नसक्नुमा विश्वव्यापी कोभिड-१९ को महामारीको नकारात्मक प्रभाव, प्राविधिक जनशक्तिको कमी, निर्माण व्यवसायीबाट अपेक्षित विकास आयोजनाको व्यवस्थापनमा ढिलासुस्ती भई कार्ययोजना कार्यान्वयनमा अनुगमनको कमी आदि प्रमुख छन् । यीबाहेक स्थानीय तहमा कर्मचारीको समयमै समायोजन नहुनु र केही आयोजना आंशिक क्षमतामा मात्र कार्यान्वयनमा रहनु जस्ता कारणले पुँजीगत खर्च आशा गरे अनुरूप गर्न सकिएन । भविष्यमा उक्त कमीकमजोरी न्यूनीकरण गर्न सके मात्र स्थानीय विकासले गति लिन सक्ने छ । यसका लागि सम्बन्धित पक्षको ध्यान यथाशीघ्र आकृष्ट हुनु परेको छ।

*-गोरखापत्र*

सुवर्ण अवसर ! सुवर्ण अवसर !! सुवर्ण अवसर !!!

यस गोल्डेन गेट मल्टिपल एकेडेमी प्रा.लि. शाखा कार्यालय कोहलपुर ३ पेलेनचोकमा उद्घाटन को अवसरमा विभिन्न कोर्षमा ५०% छुटमा विभिन्न कक्षाहरू संचालन हुन गहिरहेको हुदा तालिम लिन चाहनुहुने व्यक्तिहरूले सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

तालिमहरू / सिट



बेसिक कम्प्यूटर (Basic Computer) ७० सिट
अंग्रेजी भाषा (English Language) ५० सिट
डिप्लोमा कम्प्यूटर (Diploma Computer) ५० सिट
Online Package (Email/internet) 30 सिट

तपशिल
फारम भर्ने अन्तिम मिति :-
भर्ना मिति :-
कक्षा संचालन मिति :-

फारम पाइने स्थान
गोल्डेन गेट मल्टिपल एकेडेमी प्रा.लि.
प्रधान कार्यालय : कोहलपुर-११, गोलपार्क, बाँके
शाखा कार्यालय : कोहलपुर-३, पेलेनचोक, बाँके
सम्पर्क नं. ९८४७२४६९०३, ९८६८३७०८०५, ९८६९९६८१६५ goldengate2075@gmail.com

# दोब्बरले बढ्यो जडिबुटी उत्पादन सोचे जस्तो छैन बजार मुल्य

नमस्ते समचारदाता

दाङ, मंसिर/२७



दाङमा जडिबुटी उत्पादन दोब्बरले बृद्धि भएको छ । डिभिजन वन कार्यालय दाङका अनुसार चालु आर्थिक वर्षको मंसिरसम्म निजी वन क्षेत्रबाट ८३ हजार आठ सय किलो जडिबुटीजन्य वस्तु उत्पादन भएको छ। राष्ट्रिय वन क्षेत्रबाट ३७ हजार पाँच सय किलो जडिबुटीजन्य वस्तु संकलन इजाजत दिइएको डिभिजन वन कार्यालय दाङका सूचना अधिकारी टेकनप्रसाद आचार्यले जानकारी गराए। उनका अनुसार चालु आर्थिक वर्षको हालसम्म २ लाख ६१ हजार रुपैयाँ जडिबुटीजन्य वस्तुबाट राजश्व प्राप्त भएको छ । आर्थिक वर्ष २०८०/०८१ मा जिल्लाको राष्ट्रिय वन क्षेत्र र निजी वन क्षेत्रबाट पाँच लाख ९७ हजार नौ सय ३० किलो जडिबुटीजन्य वस्तु उत्पादन भएको थियो । आर्थिक वर्ष २०७९/०८० मा तीन लाख ६१ हजार आठ सय २६ किलोमात्रै निकासी भएकोमा आर्थिक वर्ष २०७८/०७९ मा उत्पादन केही बढी भएको थियो । त्यस वर्ष चार लाख ३८ हजार नौ सय ५२ किलो जडिबुटीजन्य वस्तु निकासी भएको कार्यालयले जनाएको छ । कार्यालयका अनुसार आर्थिक वर्ष २०८०/०८१ मा पाँच लाख ७६ हजार रुपैयाँ राजस्व जडिबुटीजन्य वस्तुबाट प्राप्त भएको छ । आर्थिक वर्ष २०७८/०७९ मा छ लाख ३८ हजार र आर्थिक वर्ष २०७९/०८० मा घटेर पाँच लाख ६१ हजार पाँच सय रुपैयाँ राजश्व जडिबुटीजन्य वस्तुबाट जिल्लामा प्राप्त भएको थियो । चालु आर्थिक वर्षको हालसम्म निजी वन क्षेत्रबाट सबैभन्दा धेरै टिमुर निकासी भएको छ। टिमुर १० हजार ५ सय किलो निकासी भएको डिभिजन वन कार्यालय दाङले जनाएको छ। गत आर्थिक वर्षमा १ लाख ६९ हजार आठ सय पाँच किलो टिमुर उत्पादन भएको थियो । आर्थिक वर्ष २०७९/०८० मा ८५ हजार नौ सय छ किलो र आर्थिक वर्ष २०७८/०७९ मा दुई लाख ४१ हजार सात सय ४२ किलो टिमुर उत्पादन उत्पादन भएको थियो । यस वर्ष कालीकाठ एक हजार तीन सय २० किलो उत्पादन भएको छ भने रिठा एक हजार दुई सय ६० किलो उत्पादन भएको छ । तेजपात पाँच सय किलो, मालागेडी/सुगन्धकोकिला २९ हजार किलो, दालचिनी १४ हजार तीन सय २० किलो, काउलो २५ हजार पाँच सय किलो र दारुहल्दी/चुत्रो एक हजार चार सय किलो निकासी भएको डिभिजन वन कार्यालय दाङले जनाएको छ। त्यस्तै राष्ट्रिय वन क्षेत्रबाट चालु आर्थिक वर्षको मंसिर २४ गतेसम्म आठ हजार किलो टिमुर निकासी गर्दा ८० हजार रुपैयाँ राजस्व संकलन भएको छ । त्यस्तै पाँच हजार किलो कालीकाठ निकासी गर्दा २५ हजार रुपैयाँ, पाँच हजार किलो रिठा निकासी हुँदा १५ हजार रुपैयाँ, चार हजार किलो तेजपात निकासी हुँदा १२ हजार रुपैयाँ राजश्व संकलन भएको छ। त्यसैगरी दुई हजार पाँच सय किलो मालागेडी/सुगन्धकोकिला निकासी गर्दा ५० हजार रुपैयाँ, एक हजार पाँच सय किलो दालचिनी निकासी हुँदा १५ हजार रुपैयाँ, पाँच सय किलो काउलो निकासी हुँदा १५ हजार रुपैयाँ, दुई हजार किलो दुधे लहरा निकासी हुँदा चार हजार रुपैयाँ, दुई हजार किलो पुननवर्न निकासी हुँदा १६ हजार रुपैयाँ, एक हजार किलो पुदिना निकासी हुँदा दुई हजार रुपैयाँ, एक हजार किलो काला दाना निकासी हुँदा सात हजार रुपैयाँ, पाँच सय किलो गुर्जो लहरा निकासी हुँदा दुई हजार पाँच सय रुपैयाँ, दुई हजार किलो अमला निकासी हुँदा चार हजार रुपैयाँ, एक हजार किलो टटेलो बोक्रा निकासी हुँदा पाँच हजार रुपैयाँ, पाँच सय किलो गिनेनी निकासी हुँदा सात हजार पाँच सय रुपैयाँ र एक हजार किलो असुरो निकासी हुँदा एक हजार रुपैयाँ राजश्व संकलन भएको छ । गत आर्थिक वर्षमा निजी वन क्षेत्रबाट टिमुर एक लाख ४९ हजार छ सय ७० किलो उत्पादन भएको छ । कालीकाठ २९ हजार तीन सय ७० किलो उत्पादन भएको छ । त्यसैगरी रिठा ८३ हजार आठ सय ७० किलो, तेजपात ४३ हजार चार सय ५० किलो, मालागेडी/सुगन्धकोकिला एक लाख ३९ हजार छ सय २० किलो, दालचिनी ३५ हजार २० किलो, काउलो ३६ हजार पाँच सय किलो उत्पादन भएको छ । यसैगरी, दारुहल्दी/चुत्रो नौ सय ४० किलो, अमला पाँच सय किलो, गुर्जो लहरा एक हजार किलो र तिगेडी छ हजार चार सय ६० किलो उत्पादन भएको डिभिजन वन कार्यालय दाङले जनाएको छ। गत आर्थिक वर्षमा राष्ट्रिय वन क्षेत्रबाट २० हजार एक सय ३५ किलो टिमुर उत्पादन भएको छ । कालादाना छ हजार ४० किलो, रिठा सात हजार तीन सय ५० किलो, तेजपात छ हजार किलो र ११ हजार पाँच सय पाँच किलो मालागेडी उत्पादन भएको छ । त्यसैगरी दालचिनी एक हजार पाँच सय किलो, काउलो पाँच सय किलो, दारुहल्दी/चुत्रो एक हजार पाँच सय किलो, दुधेलहरा तीन हजार किलो, बेलफल एक हजार किलो, टटेलो बोक्रा दुई हजार किलो, धाइरो फूल एक हजार किलो, बर्रो दुई हजार किलो, अमला दुई हजार किलो, भृंगराज पाँच सय किलो, गुर्जो लहरा तीन हजार पाँच सय किलो, घोडेपाप्रे/ब्रामी १५ सय किलो र पुननवर्न पाँच सय किलो उत्पादन भएको छ। चालु आर्थिक वर्षको हालसम्म राष्ट्रिय वन क्षेत्रबाट गैरकाष्ठ वन पैदावार अर्थात् जडिबुटीजन्य वस्तु निकासी गर्दा दुई लाख ६१ हजार रुपैयाँ राजश्व संकलन भएको छ । गत वर्ष पाँच लाख ७६ हजार सात सय रुपैयाँ राजश्व संकलन भएको थियो । गत वर्ष टिमुर निकासी गर्दा दुई लाख एक हजार तीन सय ५० रुपैयाँ राजस्व संकलन गरेको डिभिजन वन कार्यालय दाङले जनाएको छ । यसैगरी, राष्ट्रिय वन क्षेत्रबाटै मालागेडी निकासी गर्दा दुई लाख पाँच हजार रुपैयाँ राजस्व उठाइएको छ । त्यसैगरी कालादानाबाट ३१ हजार दुई सय, रिठाबाट २२ हजार ५० रुपैयाँ, तेजपातबाट १८ हजार, दालचिनीबाट १५ हजार रुपैयाँ, काउलोबाट १५ हजार, दारुहल्दी/चुत्रोबाट १५ हजार रुपैयाँ, दुधेलहराबाट छ हजार रुपैयाँ, बेलफलबाट दुई हजार रुपैयाँ राजस्व संकलन भएको छ। त्यस्तै टटेला बोक्राबाट १० हजार रुपैयाँ, धाइरो फूलबाट एक हजार रुपैयाँ, बर्रोबाट चार हजार रुपैयाँ, अमलाबाट चार हजार रुपैयाँ, भृंगराजबाट दुई हजार पाँच सय रुपैयाँ, गुर्जो लहराबाट १७ हजार पाँच सय, घोडेपाप्रेबाट तीन हजार र पुननवर्नबाट चार हजार रुपैयाँ राजस्व संकलन भएको छ।

# जाजरकोटमा जिप दुर्घटनाहुँदा ५ को मृत्यु २ घाइते

नमस्ते समचारदाता

जाजरकोट, मंसिर/२७

जाजरकोटको नलगाडनगर पालिका-३ बासकोटमा बोलेरो जिप दुर्घटना हुँदा ५ जनाको मृत्यु भएको छ भने २ जना घाइते भएका छन् । नलगाड नगरपालिकाको कालीमाटी बजारबाट कैना हुँदै कट्के जान लागेको ग ३ च ९८४५ नम्बरको डबल क्याप बोलेरो



बुधवार राती ९ बजे बासकोट मोडको सडकवाट करिब ८ सय मिटर तल खसेको थियो। जिल्ला प्रहरी कार्यालय जाजरकोटका प्रहरी प्रमुख निरीक्षक हरिराम डाँगीका अनुसार मृत्यु हुनेमा गाडी चालक इन्द्रजीत थापा, यात्रुहरु सीलापुन, लक्ष्मी पुन, लक्ष्मी पुनको छोरा, शारदा थापा, रहेको बताए । जिपमा सवार सात जना मध्य २ जना घाइते रहेको र उनीहरूको नलगाड नगर अस्पताल दल्लीमा उपचार भइरहेको डाँगीले जानकारी दिए । घाइते मध्य जीवन विक सामान्य उपचार पछि घर पठाइएको र बर्दिया घर भई दिदीको घर आएका जनक थापाको अवस्था खतरामुक्त रहेको प्रहरीले जानकारी दिएको छ ।

# हिउँको सिरेटोमा पिठिउँमा शिशु बोकेर पढाउँछिन्

नमस्ते समचारदाता

बाजुरा, मंसिर/२७



पुस र माघको चिसोले सबैको मुटु कमाउँछ। यहाँका हिमाली क्षेत्रका अधिकांश ठाउँमा बाक्लो हिमपात भएपछि अहिले निकै चिसो बढेको छ । चिसोका कारण अधिकांश बालबालिकाको पढाइसमेत प्रभावित भएको छ । हिउँको चिसोले स्थानीयवासीलाई घर बाहिर आउजाउ गर्नसमेत कठिन भएको बेला बुढीनन्दा नगरपालिकाका-९ स्थित सिद्धेश्वरी अनाथ, विपन्न तथा जनजाति आवासीय विद्यालयकी शिक्षिका जुना रावत भने पाँचमहिने आफ्नो शिशुलाई पिठ्युँमा बोकेर हिउँको सिरेटोमा पनि बालबालिकालाई पढाइरहेकी हुन्छिन् । अधिकांश महिलालाई चिसोका कारण घरबाहिर जान कठिन छ । हिउँदको कठ्याङ्ग्रिँदो चिसो, उसैमा बाहिर बाक्लो हिमपात भएका बेलामा शिक्षिका रावतले भने पाँच महिनाकी छोरीलाई पिठिउँमा राखेर बालबालिकालाई शिक्षा दिइरहेकी छन्। उनी आफ्नो कर्तव्य र जिम्मेवारी प्रति पूर्ण बफादार र इमान्दार छन् । यहाँ प्रायः भोटे समुदायको बसोबास छ । उनीहरूको पेसा भेडापालन हो। उनीहरू जाडोका बेला भेडासँगै औल जाने र गर्मीमा लेक सर्ने गर्दछन्। बालबालिकाहरू पनि बाआमासँगै औल र लेक जाने भएकाले हिउँदको चिसोमा यहाँका अधिकांश विद्यालय खाली हुन्थे, जसले गर्दा भोटे समुदायका बालबालिका लामो समय पढाइबाट वञ्चित थिए । यही समस्यालाई ध्यान दिँदै पछिल्लो समय जति चिसो भए पनि बालबालिकालाई विद्यालयमा नै राखेर पढाउने गरिएको छ । त्यसैले शिक्षिका रावत आफ्नी पाँच/छ महिनाकी शिशुलाई पिठिउँमा बोकेर पढाउन जान्छीन । अहिले यो विद्यालय शनिबार र बिदाको दिनबाहेक हिउँदको चिसो होस् या वर्षाको झरी सबै दिन सञ्चालन हुन्छ । तिनै शिक्षिका रावतले भनिन, 'चिसोको निहुँमा यी बालबालिका पढाइबाट वञ्चित हुँदै आएका थिए । अहिले हामीले चिसोमा न्यानो लुगा लगाएर वा आगो बालेर पनि पढाउने गर्छौं । मेरा लागि विद्यालय आउने बालबालिका र मेरी छोरी समान हुन् । मैले मेरी सानी छोरीलाई चिसो भयो भन्दै घरमा बसे भने यी बालबालिकाको पढाइ पनि रोकिन्छ । त्यसैले बच्चीलाई लिएर विद्यालय आउने गरेकी छु ।' अभिभावकसँगै औल र लेक गरेर पढाइबाट वञ्चित हुँदै आएका यहाँका बालबालिका अहिले विद्यालयमै बसेर पढ्न थालेपछि उनीहरूको पढाइमा पनि राम्रो सुधार आएको शिक्षिका रावतले बताउछिन् । सिद्धेश्वरी अनाथ, विपन्न तथा जनजाति आवासीय विद्यालयमा जनजाति, दलित, हलियाका टुहुरा, अनाथ बालबालिकालाई विद्यालयमै राखेर पढाउने गरिएको प्रधानाध्यापक तुलाबहादुर रावतले जानकारी दिए । हिमपातका कारण चिसो बढे पनि आफूहरूले पढ्न नछोडेको कक्षा ५ मा अध्ययनरत छात्र उमेश रावतले बताए । चिसो भएपछि आगो बालेर पढ्ने गरेको बताउँदै उनी थप्छन्, 'हामी सधैँ यसै विद्यालयमा बस्ने र खाने गर्छौं । हिउँ परेको बेला चिसोले पढाइमा असर पर्ने भएकाले अहिले आगो बालेर पढ्छौं ।' यो हिउँदमा पनि ६६ जना बालबालिका विद्यालयमा बसेर अध्ययन गरिरहेका छन् । जसमा दस जना अनाथ, एक जना जनजाति, १५ जना द्वन्द्वपीडित दलित र ४० जना भोटे समुदायका छन् । बालबालिकाहरू हिउँद, वर्षा नै विद्यालयमा बसेर अध्ययन गरिरहेको प्रधानाध्यापक रावतले जानकारी गराए ।

## प्रदेश...

गत आवमा बजेट घटाएको प्रदेश सरकारले चालु आवमा बजेट नै कटौती गरेको छ । यो वर्ष उद्यम विकास प्रवर्द्धन कार्यक्रम कार्यान्वयन हुने छैन । चालु आवमा सरकारले कार्यक्रमको नाम समेत परिवर्तन गरेको छ । चालु आवदेखि सिपसँग सहयोग कार्यक्रमको नामकरण गरिएको छ। सुर्खेतमा कार्यान्वयनमा आएको दुई आवमा समेत कार्यक्रम प्रभावकारी हुन सकेको थिएन। सिप सिक्ने तर अनुदान नलिने गरेको निर्देशनालयले जनाएको छ । प्रत्येक वर्षको नीति तथा कार्यक्रममा समेटिएका कर्णाली प्रदेश सरकारका यस्ता एक दर्जनभन्दा धेरै लोकप्रिय कार्यक्रमको प्रभावकारी कार्यान्वयन हुन सकेको छैन । "बैङ्क खाता छोरीको, सुरक्षा जीवन भरिको" कार्यक्रम यतिबेला अलपत्र छ । यस्तै अलपत्र परेको अर्को बहुचर्चित कार्यक्रम हो "कर्णाली उज्यालो" । यो कार्यक्रम २०७६ सालमै कार्यान्वयन कार्यविधि बनेको थियो । यो कार्यक्रम सरकार परिवर्तन भएसँगै अलपत्र परेको हो । कर्णाली प्रदेश सरकारको "मुख्यमन्त्री दलित आयआर्जन कार्यक्रम" पनि अलपत्र परेको छ । प्रदेश सरकारले घोषणा गरेको अर्को लोकप्रिय कार्यक्रम कृषकलाई 'सुनको हलो' प्रदान गर्ने कार्यक्रम रहेको छ। उक्त कार्यक्रम पनि कार्यान्वयन हुन सकेको छैन।

## किबी...

पछिल्लो समय ७५ क्विन्टलसम्म उत्पादन भएको बताउँदै मगरले आगामी वर्षदेखि अनुमानित एक सय ५० क्विन्टलसम्म उत्पादन हुने गरी खेती विस्तार गर्न लागेको जानकारी दिए। हाल बिरुवा र फलबाट वार्षिक रु १० लाख भन्दा बढी आम्दानी गरिरहेका मगर आगामी वर्षदेखि आम्दानी वृद्धि हुनेमा ढुक्क देखिन्छन् । छ देखि आठ मिटरको दूरीमा रोपिने किवीलाई अन्य बालीलाई भन्दा कम मेहनत गर्दा पनि पर्याप्त उत्पादन लिन सकिने मगरले बताऐ । लहरे फलका रूपमा रहेका किवीले लगाएको तीन वर्षदेखि फल्न सुरु भई ५० वर्षसम्म निरन्तर उत्पादन दिने गर्छ । किबी फललाई चाउरीपन, उच्च रक्तचाप, पोषण, छाला तथा मुटुका रोगीले सेवन गर्नु फाइदाजनक मानिने चिकित्सकहरू बताउँछन् ।

विषादीको प्रयोगबाट बचौं र बचाऔं

- किरा मार्ने विषादीले मानिसलाई पनि असर गर्दछ,
- अनावश्यक रुपमा विषादीको प्रयोग नगरौं,
- विषादी प्रयोग गर्नैपर्ने भए प्राविधिकको सल्लाहमा मात्र गरौं,
- विषादी प्रयोग गर्नुपूर्व त्यसको असरको बारेमा जानकारी लिऔं,
- विषादी तयार गर्दा र प्रयोग गर्दा सतर्कता अपनाऔं,
- विषादी प्रयोग गरिएको तरकारी तथा फलफूल खान योग्य भए नभएको यकिन गरेर मात्र उपभोग गरौं,
- विषादी प्रयोग गरिएका तरकारी तथा फलफूल विष मुक्त नभएसम्म विक्रि वितरण नगरौं,
- विषादीको प्रयोग भएका फलफूल तथा तरकारीले क्यान्सरलगायतका रोगहरू लाग्न सक्छ,
- विषादीको प्रयोगले जनस्वास्थयमा गम्भिर असर पर्न सक्छ,

त्यसैले विषादीको प्रयोगमा सचेत बनौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# पाँच वर्ष सम्म पनि बनेन सांस्कृतिक डबली

■ नमस्ते समचारदाता
दाङ, मंसिर/२७



दाङको घोराही उपमहानगर पालिका-१८ घोरदौरालाई पर्यटकीय क्षेत्रका रुपमा विकास गर्नेगरी २०७५ मा सांस्कृतिक डवली (नाचघर) निर्माणको काम सुरु गरिएको थियो । सांस्कृतिक डवली निर्माणले स्थानीय कला संस्कृतिको संरक्षणसँगै घोरदौराको विकासमा समेत महत्वपूर्ण भूमिका खेल्ने अपेक्षा गरिएको थियो । सोही अनुसार घोरदौरामा सांस्कृतिक डवलीका लागि भवन, दर्शक बस्नका लागि सिँढी, शौचालय लगायतका संरचना निर्माण गरिएको छ । तर ती संरक्षणले पूर्णता पाउन सकेको छैन । बजेट अभाव लगायतका कारण देखाएर लामो समयदेखि निर्माणअघि बढ्न नसकेको सांस्कृतिक डवलीका संरक्षण जिर्ण बन्दै गएका छन् । स्थानीयका अनुसार सांस्कृतिक डवली निर्माणको काम २०७८ देखि अघि बढ्न सकेको छैन । निर्माणको काम अघि बढ्न नसक्दा निर्माण भएका संरचनाहरु जिर्ण बन्दै गएका छन् । घोरदौरामा नाचघरसँगै सडक, खानेपानी, सञ्चार, विद्युत लगायतका पूर्वाधार बन्ने र यी पूर्वाधारले घोरदौरामा उत्पादन भएका बस्तु बेचविखनका लागि घोराहीसम्म ल्याउन सजिलो हुने आशा गरिए पनि सांस्कृतिक डवली निर्माणको काममै हुन नसकेको स्थानीय प्रेमबहादुर घर्तीको भनाइ छ । बजेट अभाव लगायतका कारण देखाउँदै विगत तीन बर्षदेखि काम हुन नसकेको उनले बताए । पर्यटन प्रवर्द्धन गर्नेगरी सांस्कृतिक डवली निर्माणको काम अघि बढ्दा खुशी लागेको बताउँदै बुढाले भने, 'घोरदौरामा सांस्कृतिक डवली निर्माणसँगै यहाँसम्म आउनलाई राम्रो सडक, खानेपानीको सुविधा लगायतका पूर्वाधार बन्दैछन् भन्ने सुन्दा खुशी लागेको थियो । तर बर्षौ वितिसक्दा पनि न सडक राम्रो बनेको छ, न सांस्कृतिक डवली ।' स्थानीयले जनप्रतिनिधिलाई सांस्कृतिक डवलीबारेमा सोध्दा बजेट अभावका कारण हुन नसकेको बताउने गरेका छने । त्यसैगरी घोराही उपमहानगर पालिका-१३ स्थित बाह्रकुने दहलाई विकास गर्दै जिल्लाकै प्रमुख पर्यटकीय गन्तव्यका रुपमा अघि बढाउनेगरी गुरुयोजना निर्माण गरिएको थियो । गुरुयोजना अनुसार काम अघि बढाउन २०७८ जेठ ३१ गते श्री नागार्जुन शिव निर्मल जेभीले ठेक्का पाएको थियो । ठेक्का सम्झौता अनुसार निर्माण कम्पनीले बाह्रकुने दहमा बहुउद्देश्यीय पार्कभित्र मन्दिरका लागि कम्पाउण्ड र पर्खाल निर्माण, गेट, पार्क, टिकट घर र सुरक्षा गार्ड बस्ने घर लगायतका संरचना निर्माणको कामलाई अघि बढाए पनि स्थानीय विचमा विवाद भएपछि रोकिएको काम अझै सुरु हुन सकेको छैन । गुरुयोजना अनुसार सरक्षा गार्ड बस्ने घरबाहेक अन्य संरचना निर्माण हुन नसकेको मन्दिर व्यवस्थापन समितिले जनाएको छ । गुरुयोजना अनुसार काम नहुँदा पर्यटकीय प्रवर्द्धनका लागि ६ करोडभन्दा बढी लागतमा निर्माण गर्ने भनिएको बहुउद्देश्यीय पार्क निर्माणको काम अलपत्र परेको मन्दिर व्यवस्थापन समितिका अध्यक्ष देबहादुर घर्तीमगरले बताउछन् । घर्तीका अनुसार गुरुयोजना अनुसार अन्य कामका लागि समस्या नभए पनि बाह्रकुने दहमा रहेको कान्छा बराहथान सार्ने विषयमा स्थानीयबिच कुरा मिल्न नसक्दा काम रोकिएको बताए । गुरुयोजना अनुसार बराहथान रहेको स्थानमा जलाशय बनाउने र बराहथानलाई अर्को ठाउँमा सार्ने विषयमा विवाद हुँदा काम रोकिएको भन्दै मन्दिर व्यवस्थापन समितिका अध्यक्ष घर्तीमगरले भने, 'बाह्रकुने दहमा अन्य संरचना निर्माणका लागि स्थानीय तयार रहे पनि बराहथान सार्ने विषयमा स्थानीयको सहमति हुन नसक्दा बहुउद्देश्य पार्क निर्माणको काम हुन सकेको छैन ।' सुरुमा गुरुयोजना अनुसार अहिलेको मन्दिर अन्यत्र सार्ने र उक्त स्थानमा ठुलो जलाशय निर्माण गर्ने सहमति भएपनि पछि स्थानीय विच विवाद हुँदा काम रोकिएको थियो । गुरुयोजना अनुसार २०८० असार मसान्तभित्र बहुउद्देश्यीय पार्क लगायतका काम सकिनुपर्ने भए पनि अहिले सम्म काम हुन नसकेको अध्यक्ष घर्तीले बताए । बहुउद्देश्य पार्क निर्माणका लागि नौ करोड १५ लाख ५ सय ८५ रुपियाँमा टेण्डर आह्वान भएकोमा निर्माण कम्पनीसँग ६ करोड ६ लाख ५२ हजार पाँचसय ४९ रुपियाँमा ठेक्का सम्झौता भएको थियो । समयमा काम हुन नसकेपछि ६ महिनाका लागि म्याद थप भएको थियो । उक्त समयमा पनि काम हुन सकेको छैन । बहुउद्देश्य पार्क निर्माणको योजनालाई कसरी अघि बढाउने भन्ने विषयमा छलफल भइरहेको भए पनि सहमति जुट्न नसकेको अध्यक्ष घर्तीले स्वीकार गरे । स्थानीयविचमा सहमति भए बजेट पर्यटन डिभिजन कार्यालयले बताए पनि कुरा नमिल्दा योजना अलपत्र परेको समितिले जनाएको छ । घोराही उपमहानगरपालिका-१२ हापुरमा पनि बोटानिकल पार्क निर्माणको काम अघि बढ्न सकेको छैन । जग्गा छुट्याउने देखि वृक्षरोपणलगायतका काम भए पनि बाँकी अन्य पूर्वाधार निर्माणको काम हुन नसकेको स्थानीय पूर्णबहादुर केसी बताउछन् ।

# दुई वर्षमा बन्नु पर्ने पुल चार वर्षमा पनि बनेन



■ नमस्ते समचारदाता
कैलाली, मंसिर/२७

डेढ वर्षमा बन्नुपर्ने सुर्मीनाला पुल साढे चार वर्ष पुग्न लाग्दा पनि बन्न सकेको छैन । ठेकेदारको लापर्बाहीका कारण पुल निर्माणमा ढिलाइ भएको हो । दुई पटक म्याद थप गर्दा पनि निर्माण कम्पनीले पुलको काम पूरा गर्न नसकेको पूर्वाधार विकास कार्यालय कैलालीले जनाएको छ । सुदूरपश्चिम प्रदेश सरकारको लगानीमा कैलालीको कैलारी गाउँपालिका-३ स्थित सुर्मीनाला खोलामा यो पुल बन्दै छ । बर्का मुडा र भर्री जोड्ने सुर्मीनाला पुलको २०७७ साउन १८ मा ठेक्का सम्झौता भएको थियो । २०७८ पुस १८ मा निर्माण कार्य पूरा भइसक्नुपर्ने पुल अझैसम्म अधुरै रहेको पूर्वाधार विकास कार्यालयका प्रमुख रामचन्द्र खत्रीले बताए । निर्माण कम्पनीले लापर्बाही गरेका कारण अहिलेसम्म पुल बन्न नसकेको उनको दाबी छ । प्रमुख खत्रीले भने, 'पुल निर्माणको समयावधि सकिएपछि दुई पटक म्याद पनि थप गरियो । दुई पटक म्याद थप्दा पनि ठेकेदारले काम गर्न सकेन ।' पुल निर्माणका लागि धनगढीकै थेगिम कन्स्ट्रक्सन प्रालिसँग ठेक्का सम्झौता गरिएको थियो । २०७८ पुस १८ गते निर्माण समयावधि सकिएपछि पहिलो पटक २०७९ असार २३ मा म्याद थप गरिएको थियो । त्यसपछि पनि निर्माणको काम पूरा नभएपछि पुनः म्याद थपिएको थियो । दोस्रो पटक थप गरिएको म्याद गत असार २१ मा सकिएको छ । ठेकेदारले अब काम गरेपछि मात्रै म्याद थप गर्ने प्रमुख खत्रीले बताएरु। 'अब धेरै काम छैन । स्ल्याब मात्रै हाल्न बाँकी छ । यस वर्ष जसरी पनि काम गर्छु भनेर ठेकेदारले भनेका छन् । काम गरेपछि मात्र म्याद थप गर्न सकिन्छ ।' सुर्मीनाला खोलामा निर्माणाधीन २६ मिटर लामो सो पुलकारु ४ करोड ९६ लाख ९१ हजार रुपियाँमा ठेक्का सम्झौता भएको थियो । पुल निर्माणको कार्य अधुरै रहे पनि ठेकेदारले ३ करोड ४३ लाख रुपियाँ भुक्तानी लिइसकेको पूर्वाधार विकास कार्यालयले जानकारी दिएको छ ।


## जनहितमा जारी सन्देश

- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरु समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुर्‍याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरुमा सबै पालिकावासीले सहयोग गरौं ।

राप्ती सोनारी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
अगैया, बाँके


# किटघाटमा पक्की पुल बन्दै

■ नमस्ते समचारदाता
प्यूठान, मंसिर/२७



प्यूठानको झिमरुक गाउँपालिका-७ किटघाटमा पक्की पुलको शिलान्यास गरिएको छ । लुम्बिनी प्रदेशका भौतिक पूर्वाधार विकासमन्त्री भूमिश्वर ढकाल र प्युठानबाट निर्वाचित प्रदेश सभा सदस्य तथा सहरी विकास तथा खानेपानी मन्त्री सरोज थापा (रोज राणा) ले संयुक्त रूपमा झिमरुक नदीमाथि बन्न लागेको पक्की पुलको शिलान्यास गरेका हुन । लुम्बिनी प्रदेश सरकारको सहयोगमा पुल निर्माण प्रारम्भ भएको हो । चार करोड ८७ लाख ६३ हजार ४ सय ४३ रुपियाँको लगानीमा पुल निर्माण हुन लागेको छ । पूर्वाधार विकास कार्यालय प्युठानका अनुसार आँसु निर्माण सेवा बिजुवारसँग गत असार ११ गते पुल निर्माणको सम्झौता भएको हो । आगामी २०८२ पुस १० गतेसम्म पुल निर्माण सक्नुपर्ने सम्झौता उल्लेख छ । सो अवसरमा भौतिक पूर्वाधार विकासमन्त्री भूमिश्वर ढकालले समयमा पुल निर्माण सम्पन्न हुने विश्वास व्यक्त गरे । निर्माण व्यवसायी बालाजु श्रेष्ठले भुक्तानी प्रक्रियामा कुनै समस्या नआए निर्धारित समयभन्दा अघि नै पुल निर्माण सम्पन्न गर्ने प्रतिबद्धता जनाएका छन् । यस ठाउँमा पुल निर्माण भएपश्चात स्थानीहरुलाई आवतजावतमा धेरै सहज हुने छ । पुल शिलान्यास कार्यक्रममा प्युठानका प्रदेश सांसदद्वय तुलसीराम शर्मा, निमा गिरीसहित सरकारी अधिकारीहरूको सहभागिता थियो ।


नमस्ते कर्णालीमा लेख, रचना पठाउन
namastekarnali2067@gmail.com 9847246903



नमस्ते कर्णाली Namaste Karnali National Daily राष्ट्रिय दैनिक
नमस्ते कर्णाली राष्ट्रिय दैनिकका लागि प्रकाशक/ सम्पादक : अशोक भण्डारी ,प्रधान कार्यालय : कोहलपुर-११ बाँके, शाखा:सुर्खेत,हुम्ला,मुगु,कालिकोट,जुम्ला,डोल्पा,बाजुरा
सम्पर्क : ९८४७२४६९०३ इमेल: namastekarnali1@gmail.com मुद्रण: गैरे अपसेट प्रेस (छापाखाना), कोहलपुर, बाँके